नगर कार्यपालिकाको बैठक बैठक संख्या ६६ मिति २०७६/०४/२७

अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको बैठक
बैठक संख्या ६६
मितिः२०७६/०४/२७

उपस्थिती

| | | | | |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | श्री हरिकुमार राना | अध्यक्ष | |
| २ | उप प्रमुख | श्री कमला खतिवडा आचार्य | सदस्य | |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | श्री पंकज भूर्तेल | सचिव | |
| ४ | वडाध्यक्ष | श्री गजाधर खतिवडा | सदस्य | |
| ५ | वडाध्यक्ष | श्री रघुनाथ खनाल | सदस्य | |
| ६ | वडाध्यक्ष | श्री जीवकुमार भण्डारी | सदस्य | |
| ७ | वडाध्यक्ष | श्री दुर्गाप्रसाद दाहाल | सदस्य | |
| ८ | वडाध्यक्ष | श्री ध्यानबहादुर भारती | सदस्य | |
| ९ | वडाध्यक्ष | श्री लोकनाथ गौतम | सदस्य | |
| १० | वडाध्यक्ष | श्री नवराम ढुङ्गाना | सदस्य | |
| ११ | वडाध्यक्ष | श्री गोपीचन्द्र गौतम | सदस्य | |
| १२ | वडाध्यक्ष | श्री पुष्पकुमार प्रसाई | सदस्य | |
| १३ | वडाध्यक्ष | श्री बलदेवसिंह गोम्देन | सदस्य | |
| १४ | वडाध्यक्ष | श्री भैरवबहादुर खड्का | सदस्य | |
| १५ | सदस्य | श्री लक्ष्मी तामाङ्ग | सदस्य | |
| १६ | सदस्य | श्री हरिमाया भण्डारी | सदस्य | |
| १७ | सदस्य | श्री शारदाकुमारी भट्टराई | सदस्य | |
| १८ | सदस्य | श्री शकुन्तला बराल | सदस्य | |
| १९ | सदस्य | श्री दिलमाया शिवा | सदस्य | |
| २० | सदस्य | श्री दिलिप गुरुङ्ग | सदस्य | |
| २१ | सदस्य | श्री खिनमान दास | सदस्य | |
| २२ | सदस्य | श्री रमेशकुमार दर्जी | सदस्य | |
| १. | अधिकृत (सातौं) | श्री विजयकुमार शर्मा | आमन्त्रित | |

२. सहायक (चौथो) श्री सौजन कटुवाल ''

३. प्र.प्र. स्वकीय सचिव श्री गजेन्द्र खनाल ''

*मिति २०७६/०४/२७ गतेको बोर्ड बैठकका निर्णयहरु*

१.अर्जुनधारा नगरपालिकाका विद्यालय जाने उमेर समूहका बालबालिकाहरुको आँखा परीक्षण गर्ने सम्बन्धमा मेची आँखा अस्पताल (संघ) र अर्जुनधारा नगरपालिकाबिच भएको प्रारम्भिक सहमति अनुमोदन गर्ने ।

२.अर्जुनधारा नगरपालिकाको चौथो नगर सभाबाट अर्जुनधारा नगरपालिकामा युवा खेलकुद,कला साहित्य सँस्कृति प्रवर्द्धन गर्न समितिहरु गठन गर्ने निर्णयानुसार देहाय बमोजिम समितिहरु गठन गर्ने ।

**नगर स्तरीय मूल समिति**

| | |
|---|---|
| नगर प्रमुख | संयोजक |
| उप प्रमुख | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| युवा समिति संयोजक | सदस्य |
| कला साहित्य सँस्कृति प्रवर्द्धन समिति संयोजक | सदस्य |
| खेलकुद प्रवर्द्धन समिति | सदस्य |
| शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख | सदस्य सचिव |

साथै,उक्त समितिहरुको संयोजकमा देहाय बमोजिमका पदाधिकारीहरुलाई मनोनयन गर्ने ।

| | |
|---|---|
| युवा समिति | नगर सभा सदस्य श्री होमनाथ दुलाल |
| कला साहित्य सँस्कृति प्रवर्द्धन समिति | नगर सभा सदस्य श्री सुशिला सुवेदी |
| खेलकुद प्रवर्द्धन समिति | नगर सभा सदस्य श्री अर्जुनकुमार मेचे |

समितिमा रहने सदस्यहरु देहाय बमोजिम छनौट गर्ने ।

| | |
|---|---|
| सम्बन्धित सरोकारवालाहरुको आम भेलाबाट | ११ जना |
| मूल समितिले मनोनयन गरेका | ४ जना |
| प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी | सदस्य सचिव |

नगरपालिकाको सूचना तथा सञ्चार प्रवर्द्धन गर्न देहाय अनुसारको एक सञ्चार समूह गठन गर्ने

| | |
|---|---|
| नगरपालिका प्रवक्ता | संयोजक |
| नगरपालिकामा क्रियाशिल पत्रकारहरु मध्येबाट नगर प्रमुखले मनोनय गरेका ४ जना पत्रकार | सदस्य |
| सूचना प्रविधि अधिकृत | सदस्य |
| कार्यपालिका कार्यालयको सूचना अधिकारी | सदस्य सचिव |

हरी कुमार राना मगर
नगर प्रमुख

३.अर्जुनधारा नगरपालिका वडा नं ६ बस्ने श्री चन्द्रप्रसाद काफ्ले ले निजको नाममा दर्ता कायम अर्जुनधारा स्थित कि.नं.६४६३ मा घर निर्माणका लागि नक्सा पास गर्न २०७१ सालमा नयाँ घरका लागि नक्सा दर्ताका गर्नु भएको तर हाल भवन अभिलेखिकरणका लागि निवेदन दिनुभएको ।सो लगायत त्यस्ता प्रकृतिका घरनक्साका हकमा देहाय बमोजिम गर्ने

क.निवेदकसँग रसिद नरहेको तर कार्यालयबाट नक्सा प्रमाणित भएको देखिएमा राजश्व तिरिएको मानिने ।

ख.साविकमा पेश भए बमोजिमकै नक्सा अनुसारको भवन निर्माण भएमा थप राजश्व नलिई अभिलेखिकरण प्रमाणपत्र उपलब्ध गराउने ।

ग.साविकमा पेश भए बमोजिमको नक्सा भन्दा फरक किसिमले भवन निर्माण भएमा नयाँ प्रक्रिया अनुसारले नियमानुसार अभिलेखीकरण गर्ने ।

घ.एक तला भन्दा बढीको नक्सा पेश भई एक तला मात्र भवन निर्माण भएमा एक तलामात्र अभिलेखीकरण गर्ने र प्रचलित नियमानुसार अर्को तलाका लागि अनुमति दिने ।

४.अर्जुनधारा नगरपालिकामा रहेका सामुदायिक विद्यालयहरुको लेखा परीक्षण गर्ने सम्बन्धमा इजाजतपत्रवाला लेखापरीक्षकहरुलाई लेखापरीक्षणका लागि सुचिकृत हुन सूचना प्रकाशन गर्ने ।साथै,सुचिकृत हुन आउँदा तोकिएको लेखा परीक्षण शुल्कमा घटाघट गरी न्यूनतम शुल्क कबोल गर्ने लेखापरीक्षक छनौट गरी जिम्मेवारी दिने ।

५.अर्जुनधारा नगरपालिकाले चालु आर्थिक वर्षका लागि पारित गरेको मालपोत तथा सम्पत्ति करको सम्बन्धमा संशोधन गर्नु पर्ने भएमा सोका लागि सुझाव सहितको प्रतिवेदन पेश गर्न देहाय अनुसारको एक कार्यदल गठन गर्ने ।

| | |
|---|---|
| नगर उप प्रमुख | संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| वडा अध्यक्ष,श्री जीवकुमार भण्डारी | सदस्य |
| वडा अध्यक्ष,श्री लोकनाथ गौतम | सदस्य |
| नेपाल कम्युनिष्ट पार्टि (नेकपा) प्रतिनिधि | सदस्य |
| नेपाली कांग्रेस प्रतिनिधि | सदस्य |
| राजश्व शाखा प्रमुख | सदस्य सचिव |

६.अर्जुनधारा नगरपालिकाबाट उत्सर्जन हुने फोहोरको दीर्घकालिन व्यवस्थापनका लागि उपयुक्त स्थानमा जग्गा खोजी गर्न एवं सोका लागि सम्बन्धित पक्षहरुसँग वार्ता गर्न नगर उप प्रमुखज्यूको संयोजकत्वमा,वडा नं २,३ र ४ का वडाअध्यक्ष एवं पूर्वधार समिति एवं विपद् व्यवस्थापन समित संयोजक सदस्य एवं योजना शाखा प्रमुख सदस्य सचिव रहने गरी एक कार्यदल गठन गरी जिम्मेवारी दिने ।

७.अर्जुनधारा नगरपालिका वडा नं २ स्थित साठिमुरेको भित्तामा विराट अर्जुनको मूर्ति प्रतिस्थापन गर्ने परियोजनाका लागि माटो परीक्षण तथा बिरिङ्ग नदिमा चेक ड्याम निर्माणका लागि फ्लड टेस्ट गरिरहेकोमा उक्त विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गर्नका लागि आवश्यक प्रक्रिया अघि बढाउने ।
साथै,चालु आर्थिक वर्षमा नदिजन्य सामाग्री उत्खननका लागि ठेक्का लगाउनु अघि नदिहरुमा रहेका पदार्थहरुको मूल्याङ्कन गर्ने ।

८.शनिश्चरे बजारका विभिन्न भागमा विभिन्न मूर्ती प्रतिस्थापन गर्ने परियोजना अनुसार मूर्ती निर्माणका लागि कार्य अघि बढाइएकामा उक्त मूर्ती निर्माण सम्पन्न भए पश्चात तोकिएको स्थानमा प्रतिस्थापन गर्ने तथा प्रतिस्थापन गर्ने ठाउँमा सहायक संरचना निर्माण,रंगरोगन तथा सौन्दर्यिकरणका लागि हुन आउने खर्च नगरपालिकाले व्यहोर्ने ।

९.यस नगरपालिकाको भित्री रिङ्गरोड तथा बाहिरि रिङ्गरोड निर्माणका लागि नगरपालिकाकै उपकरणहरु परिचालन गरी निर्माण गर्ने योजना रहेकामा उक्त योजना आगामी असोज बाट सुरु गर्ने ।सो भन्दा अगाडी लगत स्टमेट तयारी लगायतका प्राविधिक कार्यहरु सम्पन्न गर्ने ।साथै,चालु आर्थिक वर्षमा वडा कार्यालयहरुबाट सडक स्तरोन्नतिका लागि विनियोजित रकम समेत एकिकृत गर्ने ।
साथै,नगरपालिकाले चालु आर्थिक वर्षमा तयार गर्ने भनिएका आयोजनाका डिपिआर लगायतका कार्यहरुका लागि आवश्यक संख्यामा प्राविधिक कर्मचारीहरुबाट व्यवस्थापन गर्ने ।

१०.सुखानी शहिद स्मृति प्रतिष्ठान नेपालबाट गुरुयोजना तयार तथा काँडे तार घेराबार विस्तार योजनाको म्याद थपका अनुरोध भई आएकोमा उक्त योजनाको म्याद २०७६ श्रावण मसान्त सम्मका लागि थप गर्ने ।

११.अर्जुनधारा-३ स्थित श्री खुदुनाबारी कृषि सहकारी संस्थाले रासायानिक मल विक्री वितरणको इजाजतका लागि निवेदन पेश गरेकामा उक्त संस्थाको दर्ता नविकरण भै सञ्चालन रहेको खण्डमा रासायनिक मल विक्री वितरणका लागि अनुमति प्रदान गर्ने ।

१२.यस नगरपालिकाको पूर्व सूचना अनुसार नदिजन्य सामाग्री स्टक प्रमाणितका लागि प्राप्त निवेदन अनुसार स्टक प्रमाणित गराएका निवेदकहरुको स्टक अनुगमन गर्ने ।स्टक प्रमाणित नगरेका तथा प्रमाणित भन्दा धैरै परिमाणमा भेटिएमा नगरपालिकाले जफत गर्ने ।

हरी कुमार राना मगर
नगर प्रमुख